# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, साउन २८ गते, २०७८ साल (सङ्ख्या १०


## भाग ३

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८**

प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिमको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम “प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ को प्रस्तावनामा संशोधनः</u>** प्रदेश निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ (यसपछि “कार्यविधि” भनिएको) को प्रस्तावनाको,-

(१) "प्रदेश सरकारमा समायोजन भई वा" भन्ने शब्दहरु पछाडि "प्रदेश लोक सेवा आयोगको सिफारिस बमोजिम नियुक्त भई वा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) "निजामती कर्मचारीको पदस्थापन" भन्ने शब्दहरु पछि "एवं व्यवस्थापन" भन्ने शब्दहरु थपिएका छन् ।

(३) "अधिकार प्रयोग गरी" भन्ने शब्दहरु पछि "बागमती प्रदेश सरकारले" भन्ने शब्दहरु थपिएका छन्।

३. **<u>कार्यविधिको दफा २ को खण्ड (ङ) मा संशोधनः</u>** कार्यविधिको दफा २ को खण्ड (ङ) मा रहेको "केन्द्रीयस्तरको" भन्ने शब्दको सट्टा "निर्देशनालय वा विभागस्तरको" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>कार्यविधिको दफा ३ मा संशोधनः</u>** कार्यविधिको दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (३क.) थप गरिएको छः-

"(३क.) प्रदेश सरकारका केन्द्रीय निकायले आफ्ना मातहतका कार्यालयमा कार्यरत सहायकस्तर पाचौं तहसम्मका कर्मचारीको पदस्थापन वा सरुवा गर्न सक्नेछ ।"

५. **कार्यविधिको दफा ४ को उपदफा (१) मा संशोधनः** कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) मन्त्रालयले प्रत्येक वर्षको असोज एक गतेदेखि असोज बीस गतेसम्म र प्रदेशका केन्द्रीय निकायले प्रत्येक वर्षको असोज एक्काइस गतेदेखि असोज मसान्तसम्म,

तर कुनै कार्यालयमा रिक्त भएको पदमा तोकिएको समय तालिका बाहेकको समयमा सरुवा गर्नु परेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिएर सरुवा गर्न सकिनेछ।"

६. **कार्यविधिको दफा ८क. थपः** कार्यविधिको दफा ८. पछि देहायको दफा ८क. थप गरिएको छः-

"**८क. अतिरिक्त समूह सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा समायोजन भई वा प्रदेश लोक सेवा आयोगको सिफारिस बमोजिम नियुक्ति भई आएका कर्मचारीलाई उपदफा (२) बमोजिमको अवस्थामा आवश्यक व्यवस्थापन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एक अतिरिक्त समूह रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समूहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देहायका कर्मचारीको पदाधिकार सार्न सक्नेछः

(क) कुनै पनि कार्यालयमा फाजिलमा रहेका,

(ख) एक वर्ष भन्दा बढी समयको लागि बिदामा रहेका,

(ग) निलम्बन भएका।

(३) यस दफा बमोजिम कर्मचारीको पदाधिकार अतिरिक्त समूहमा सार्ने कार्यका लागि निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को मार्गदर्शन अबलम्बन गर्नु पर्नेछ।"

**आज्ञाले,**

**प्रदीप कुमार कोइराला**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु.५।-